## वैठक संख्याः ४ मिति २०८३/०६/१६ गतेका निर्णयहरु

निर्णय नं. १-प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति, २०८३/०५/२१ गतेका दिन भएको बैठकका निर्णयहरुको सम्बन्धमा समीक्षा गरियो।

निर्णय नं. २- प्रस्ताव नं. २ माथि छलफल गर्दा तपसिल अनुसारका रिक्त दरबन्दीहरुको पदपूर्तिको लागि लोक सेवा आयोगमा पठाउने निर्णय गरियो।

| क्र.सं. | पद | सेवा, समुह | संख्या |
|---|---|---|---|
| १ | अधिकृत छैठौं तह | प्रशासन/स्थानीय प्रशासन | १ |
| २ | अ.हे.ब. चौथो तह | हे.इ./स्थानीय स्वास्थ्य | २ |
| ३ | अ.न.मी. चौथो तह | क.न./स्थानीय स्वास्थ्य | ६ |

निर्णय नं. ३-प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिति २०८३/०६/०८ देखि १० गतेसम्म आएको अविरल वर्षाले पुऱ्याएको क्षतिको बारेमा समीक्षा गरियो साथै क्षतिको अवस्था हेरी पुनर्निर्माणमा लाग्ने र विपद् शीर्षकबाट २०० थान ग्याविन जाली खरिद गर्ने र विपद् व्यवस्थापन तथा पुनस्थापनाको लागि प्रदेश सरकार तथा सङ्घीय सरकारसँग बजेट माग गर्ने निर्णय गरियो।

निर्णय नं. ४-प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिका वडा नं. ५ र ६ जोड्ने रुम्टा-विडौरीमा झोलुङ्गे पुल आवश्यक भएकोले झो.पु. निर्माणको लागि सङ्घीय निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो।

निर्णय नं. ५-प्रस्ताव नं. ५ माथि छलफल गर्दा योजनाहरु कार्यान्वयन गर्दा सभाबाट विनियोजन भएका सम्बन्धित शीर्षकभित्र पर्नेगरी वार्षिक कार्यक्रमलाई परिमार्जन गरी विपद्को क्षति समाधानतर्फ कायम गर्ने निर्णय गरियो तथा योजना सम्झौता गर्न प्राथमिकता दिने निर्णय गरियो।

निर्णय नं. ६-प्रस्ताव नं. ६ माथि छलफल गर्दा सङ्घीय सहरी तथा भवन निर्माण कार्यालय पाल्पाबाट बहुवर्षिय कार्यक्रममा विनियोजित रकम रु.३ करोड ५० लाखबाट तपसिलका योजनाहरु छनोट गर्ने निर्णय गरियो।

क) जुनियाँ मा.वि.-भार्से भैसी फर्म सडक वडा नं. ७ र ८

ख) पाइनडाँडा बगैचा (रितौदी) सडक वडा नं. ६

निर्णय नं. ७-विविध

क) कालिका आधारभूत विद्यालय भवन सपोर्ट वाल निर्माणको लागि रकम रु १ लाख ५० हजार विद्यालय मर्मत तथा घेरावार शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

ख) भगवति मन्दिर संरक्षण तथा पदमार्ग मर्मतको लागि रु ८७ हजार विपद् व्यवस्थापन कोष शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

ग) कृषि टनेलको क्षति भएकोमा प्राविधिकको रिपोर्ट अनुसार प्लास्टिकमा ५० प्रतिशत अनुदान उपलब्ध गराउने निर्णय गरियो।

घ) यस कार्यालयमा कार्यरत २ जना प्राविधिकहरु (मित्र बहादुर सुर्यवंशी र माधव पुरीलाई ज्यालादारीमा राख्ने र निजहरुको पारिश्रमिक क्रमशः सेवा परामर्श शीर्षकवाट र कन्टेन्जेन्सी रकमबाट उपलब्ध गराउने तथा सब-इन्जिनियर रेशम चौधरीलाई गाउँपालिकामा रिक्त रहेको दरवन्दीमा मिलान गरी तलव भत्ता उपलब्ध गराउने निर्णय गरियो।

ङ) यस गाउँपालिका वडा नं. ३, ठूलोलुम्पेक वस्ने नरमाया थापाको मस्तिष्क रक्तश्राव भई उपचार गराईरहेको र निजको आर्थिक अवस्था अत्यन्तै कमजोर भएकोले आर्थिक सहायता रकम रु.८०,०००/ उपलव्ध गराउने निर्णय गरियो।

हरि प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत